स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री बेनिशा हमाल निर्माता बनेकी छन् । उनी आगामी शुक्रबारबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'द ब्लू लाइट'बाट निर्माता बनेकी हुन् । फिल्मको मुख्य अभिनेत्री समेत रहेकी बेनिशा फिल्मको कन्सेप्ट मनपरेकोले निर्माताको रूपमा पनि जोडिएको बताउँछिन् । 'सुरुमा फिल्ममा अभिनय गर्ने भनेर जोडिएको थिए', बेनिशाले भनिन् 'जोडिएपछि फिल्मको कन्सेप्ट मनपर्‍यो ।

आजको विचार...



निकास...
(दुई पेजमा)

राजेश विद्रोही



मोडल तथा अभिनेत्री गरिमा शर्माले गत साता 'प्रमिस रिङ' लगाएको फोटो सेयर गर्दै आफू प्रेम सम्बन्धमा रहेको घोषणा गरिन् । त्यतिबेला उनले प्रेमीलाई गुपचुप राखेर फ्यानलाई सरप्राइज दिएकी थिइन् । उनको रहस्यमय प्रेमीबारे धेरै अड्कलबाजी पनि भए । आइतबार बेलुका भने उनले आफ्ना प्रेमीलाई सामाजिक सञ्जालमार्फत चिनाएकी छन् । उनले इन्स्टाग्राममा प्रेमीसँगका तीन फोटो पोस्ट गर्दै लेखेकी छन् ।

❐ वर्ष ३१ अंक १८२ ❐ २०८२ माघ १५ गते बिहीबार 29 January 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### रूसी आक्रमणमा तीनको मृत्यु

(रासस/एएफपी)

**युक्रेन,** माघ १४/युक्रेनमा भएको रूसी आक्रमणमा तीन जनाको मृत्यु हुनुका साथै धेरै घाइते भएको अधिकारीहरूले बुधबार बताएका छन् । युक्रेनी अधिकारीहरूका अनुसार रेलमा लक्षित ड्रोन आक्रमणले पाँच यात्रुसहित मंगलबार युक्रेनभरि कम्तीमा १२ जनाको ज्यान लिएको केही घण्टापछि यो ताजा आक्रमण भएको हो । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बमबारीले शान्ति प्रयासलाई कमजोर बनाएको उल्लेख गर्दै युद्ध अन्त्य गर्न मस्को माथि दबाब बढाउन सहयोगीहरूलाई आग्रह गरेका छन् । "बिलोगोरोद्स्का समुदायमा, एक पुरुष र एक महिलाको आक्रमणको कारण मृत्यु भएको किएभ क्षेत्रका सैन्य प्रशासनका प्रमुख माइकोला कलाश्निकले टेलिग्राम मार्फत जनाउनु भएको छ,। युक्रेन प्रहरीले पछिल्लो बयानमा मृत दम्पतीको चार वर्षीय बच्चासहित आक्रमणमा अन्य तीन जना घाइते भएको बताएको छ । क्षेत्रीय सैन्य प्रशासनका प्रमुख ओलेक्सान्डर गान्जमका अनुसार मध्य ड्निप्रोपेट्रोभस्क क्षेत्रमा भएको ड्रोन आक्रमणमा एक व्यक्तिको मृत्यु हुनुकासाथै पाँच जना घाइते भएका छन् ।

## सन्दर्भ : नेपाल नर्सिङ दिवस

# नर्सको पीडा : तलब थोरै, तनाव धेरै

रामचन्द्र रायमाझी

**पाल्पा,** माघ १४/स्वास्थ्य संस्थाका फ्रन्टलाइनर हुन्, नर्सहरू । उनीहरु अस्पतालमा पुगेका बिरामीका लागि आशा र भरोसाका केन्द्र समेत हुन् । बिरामीको हेरचाहमा उनीहरुको महत्वपूर्ण भूमिका रहेको छ । औषधि खुवाउने, सुई खोप्ने, बिरामीका हरेक गुनासो सुन्नेदेखि सबै काम नर्सले गर्छन् । तर तिनै नर्सहरू अन्योलग्रस्त भविष्यप्रति दिक्क देखिन्छन् ।

न्यून तलब र तनावका बिच उनीहरु काम गर्न बाध्य छन् । जसका कारण पछिल्लो समय धेरै नर्सहरूमा बिदेसिने हुटहुटी समेत देखिन्छ । महामारी र विपत्तिहरुमा सबैभन्दा बढी खट्ने स्वास्थ्यकर्मी नर्स नै हुन् । कोरोनाकालमा जोखिमको परवाह नगरी अग्रपङ्क्तिमा रहेर नर्सहरुले सेवाभावको उच्चतम् नमुना देखाएका थिए । तर नेपालमा तिनै नर्स विभिन्न बहानामा पीडित छन् ।



मीना बस्याल पाल्पाको एक अस्पतालमा काम गर्छिन् । उनले त्यस अस्पतालमा काम गरेको ५ वर्षभन्दा बढी भयो । उनी बेलुका ४ बजे अस्पताल पुग्छिन् । अस्पतालका शैय्यामा विरामीहरुको सेवामा तल्लिन हुन्छिन् । राति १० बजे ड्युटी सकिन्छ । घर फर्कदा न उनलाई सुरक्षाको कुनै अनुभूति छ न त उनलाई अस्पताल प्रशासनले घरसम्म लगिदिन्छ । नर्सिङ पेशा आफैमा गर्व गर्न लायक भए पनि त्यहाँ भित्र थुप्रै पीडाको सामना गर्नु परेको उनको गुनासो छ । बस्यालले भनिन् "पेसाले म एक नर्स हुँ । मलाई आफ्नो यस पेसामाथि गर्व छ तर कहिलेकाहीँ नर्स बनेकोमा पीडाबोध पनि हुन्छ । नर्सिङ एउटा पेसा मात्रै नभई मानवता पनि हो । भावना हो, कर्म हो । धेरै नेपाली बुबाआमाहरुको सपना हुन्छ, आफ्ना छोरीहरूलाई हामीजस्तै नर्स बनाउने, तर नर्स भइसकेपछि भोग्नुपर्ने पीडा कम छैनन् ।" योग्यता अनुसारको पारिश्रमिक पाउन नसकिएको उनको गुनासो छ । उनले भनिन् "ठूलो रकम खर्च गरेर नर्स पढ्यो, जागिर पाइँदैन, जसोतसो गरेर जागिर पाइहाले पनि न्यून तलवमा काम गर्नु परेको हुन्छ । निजी अस्पतालहरुमा नर्सहरुले कम तलबमा काम गर्नुपरिरहेको अर्की नर्स निसा लम्तरीले बिताइन् । उनले भनिन् "ड्युटी अवधि र हेर्नुपर्ने बिरामीको संख्याले सधै पेलानमा पर्नु पर्छ, जसका कारण शारीरिक, मानसिक र सामाजिकरूपमा समेत दबाब खेप्नु परिरहेको छ ।" काम अनुसारको तलव भने नभएको उनको गुनासो छ । लम्तरी भन्छिन् "काम गर्न थालेको ८ वर्ष भयो अहिले बल्ल मासिक २० हजार तलब पुगेको छ । यो तलबमा कोठा भाडा तिर्नु कि के गर्नु ? अरु पेसाजस्तै नर्सहरुलाई समेत सेवासुविधामा सुधार गर्नुपर्ने उनको भनाई छ । यस्ता पीडा बस्याल र लम्तरीको मात्र हैन देशभरका निजी तथा सरकारी अस्पतालमा कार्यरत अधिकांश नर्सहरुको हो । हरेक वर्ष माघ १५ गते नर्सिङ सेवा र नर्सहरुलाई सम्मान गर्ने उद्देश्य लिएर नेपाल नर्सिङ दिवस मनाउने गरिन्छ । यस वर्षको दिवस आज नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ । तर उनीहरुका पीडा कम हुन सकेका छैनन् । दया र सेवाकी प्रतिमूर्ति 'लोरेन्स नाइन्टिंगेल' को सेवाभावलाई मानक मान्दै उपचारमा खटिने नर्सहरु राज्यले दिने सुविधामा भने कहिल्यै प्राथमिकतामा पर्दैनन् । सरकारी अस्पतालमा थोरै दरबन्दी छ भने निजीमा श्रमको मूल्य नै छैन । नर्सहरुको पहिलो सर्त र स्वभाव भनेको बिरामीको सेवा हो । उनीहरु हरबखत बिरामीको मलिन अनुहारमा खुसी ल्याउन प्रयासरत रहन्छन् । बिरामीको अनुहारमा देखिने खुसीले उनीहरु प्रफुल्ल हुन्छन् । तर न्यून पारिश्रमिकमा काम गर्नु उनीहरुका लागि ठूलो पीडा हो । एउटा नर्सले अस्पतालमा रातिको समयमा एक्लैले ३० देखि ३५ जनासम्म बिरामीको स्वास्थ्य निगरानी गर्नुपर्ने हुन्छ । अहिले बेड रेसियो अनुसार कोटा निर्धारण गरिएको छैन । त्यस्तै, लामो समयदेखि नयाँ कोटामा दरबन्दी नखुल्दा नर्सहरु निजी अस्पतालमा अति कम शुल्कमा जागिर खान बाध्य छन् । अध्ययन पूरा गरेपछि हरेक तहको अध्ययनमा भोलेन्टियर बनेर काम गर्नुपर्ने पनि नर्सहरुको अर्को पीडा हो । १० देखि १२ लाख खर्चेर वर्षौं लगाएर पढेका नर्सले निजी अस्पतालमा अहिले पनि मासिक १०/१२ हजारमा मात्रै काम गर्न बाध्य छन् ।

## धेरै ठाउँमा वर्षा र हिमपात



**पाल्पा,** माघ १४/देशका धेरै ठाउँहरुमा बुधबार वर्षा र हिमपात भएको छ । पश्चिमी न्यून चापीय प्रणाली विकास हुँदा देशभरको मौसम बदली भई ठाउँ-ठाउँमका वर्षा र हिमपात भएको हो । पाल्पा पनि हल्का वर्षा भएको थियो । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार बुधबार सबैभन्दा बढी सुर्खेतमा ४३ मिलिमिटर वर्षा भएको हो । यो झण्डै भारी वर्षाको नजिक हो ।

यस्तै रुकुमको शेरागाउँमा ३८ मिलिमिटर र जाजरकोटमा ३३ मिलिमिटर वर्षा भएको थियो । बैतडीमा ३५.६, डडेलधुरामा ३३.२, बाजुरमा ३०.२, मनाङमा ३२.४ र डोल्पामा ३१ मिलिमिटर वर्षा भएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । यो मध्यम वर्षा हो । नेपालको पश्चिम क्षेत्रका उच्च पहाडी तथा हिमाली क्षेत्रमा भारी हिमपात पनि भएको थियो ।

बागमती प्रदेशदेखि पश्चिमका अधिकांश जिल्लामा वर्षा भएको र ती जिल्लाका १०० जति वर्षा मापन केन्द्रमा १० देखि ३० मिलिसिमटरबीचमा वर्षा भएको पनि विभागको अभिलेखमा उल्लेख छ । यो हल्कादेखि मध्यमसम्म वर्षा हो । बुधबार रातिदेखि यो प्रणाली कमजोर हुँदै गएको विभागले जनाएको छ । तर चिसो भने बढाउने र केही दिन बदली पनि रहने जनाइएको छ ।

## आजदेखि तेस्रो 'तानसेन महोत्सव' सुरु

**पाल्पा,** माघ १४/पाल्पाको तानसेनमा आजदेखि कृषि, व्यापार तथा पर्यटन महोत्सव सुरु भएको छ । तानसेन नगरपालिकाको आयोजनामा तानसेनको टुँडिखेल मैदानमा 'तेस्रो तानसेन महोत्सव' सुरु गरिएको हो ।

पर्यटन, व्यापार, रोजगारी, कृषि र उद्योगको विकास र विस्तार गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको नगरपालिकाले एक प्रेस विज्ञप्ति जारी गरी जानकारी गराएको छ । तानसेन नगरपालिकाको मुख्य आयोजनामा लुम्बिनी प्रदेश वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय र घरेलु तथा साना उद्योग कार्यालय पाल्पाको सह-आयोजना, शर्मा निर्माण सेवा बगनासकाली -९



पाल्पाको व्यवस्थापनमा आजदेखि हुन लागेको महोत्सवको सम्पूर्ण तयारी पुरा भएको नगरपालिकाले जनाएको छ । महोत्सव सञ्चालनको लागि विद्युतीय बोलपत्र टेण्डर प्रक्रियाबाट छनोट गरी मूल्य अभिवृद्धि करबाहेक ८६ लाखमा ठेक्का लागेको हो । जिल्लामै पहिलो पटक जलपरी, औद्योगिक वस्तु तथा सेवाहरुको प्रदर्शनी र प्रवर्द्धन, लगायतका अवसर सिर्जना र आकर्षण गर्ने तथा लघु घरेलु तथा साना उद्योगको प्रवर्द्धन र साना उद्यमी एवम व्यवसायीलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु रहेको नगर प्रमुख सन्तोषलाल श्रेष्ठद्धारा जारी विज्ञप्तिमा भनिएको छ । महोत्सवमा कृषि तथा पशुजन्य उत्पादनको प्रदर्शनी साथै पाल्पाली ढाका, करुवा, कृषि तथा पशुजन्य, लगायत स्थानीय उत्पादनको बजारीकरण र प्रवर्द्धन गर्ने, स्थानीय भाषा, कलासंस्कृत, धार्मिक मूल्य र मान्यताहरुको संरक्षण तथा स्थानीय प्रविधिलाई प्रोत्साहन र बाह्य प्रविधिको पहिचान गर्ने किसिमका क्रियाकलापहरु पनि राखिएको नगरपालिकाले जनाएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## भन्सार छली गर्ने कार्यलाई निरुत्साहित गरौं

पछिल्लो समय भन्सार छली गर्ने क्रम बढेको छ । अहिले दैनिक रुपमा भन्सार नाकाहरूबाट छुटेका ट्रक समातिने र त्यसमा तिर्नुपर्ने राजस्व नतिरिएको पाइन्छ । दैनिक रुपमा सयौंको संख्यामा भन्सार छली हुँदासम्म सरकार र सम्बन्धित निकाय मौन हुने गर्दछन् । राजस्व छली महाअपराध हो । आफ्नै देशलाई ठगेर कमाइएको पैसाले त्यस्ता व्यक्तिको अतीत हुने निश्चित छ । तर, पनि राजस्वमा हुने छली रोकिनुको साटो बढ्नु अझै दुर्भाग्यपूर्ण छ । यस्ता गतिविधिमाथि छानविन र कारवाही हुन सकिरहेको छैन् । यस्ता गतिविधि निरुत्साहित गर्न हरेक वर्ष जनवरी २६ मा अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउने गरिन्छ । यस वर्ष पनि गत सोमबार नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी यो दिवस मनाइएको छ ।

अवैध रुपमा सामान आयात गर्दा मुलुकको अर्थतन्त्रमा मात्र नभई सुशासन, विकास तथा मानव सुरक्षामा समेत विश्वव्यापी रुपमा खतरा बढेको भन्दै विश्व भन्सार संगठनले सुरक्षित व्यवसायिक वातावरण निर्माण गर्न आवश्यक ठानेर नै यो दिवस मनाउन थालेको हो । भन्सार प्रशासन कार्यलाई राजस्व संकलनमा मात्र सिमित नराखी मुलुकको समग्र आर्थिक विकासका लागि सहज व्यवसायिक वातावरण निर्माण गर्नमा यो दिवसले महत्वपूर्ण टेवा पुर्‍याउने गर्दछ । तर नेपालमा भने भन्सार छली गर्ने क्रम नरोकिनु दुखद् हो । राजस्व बिना सरकार सञ्चालनको कल्पनासमेत गर्न सकिँदैन । त्यसैले राजस्व छल्ने विषय कसैलाई पनि मान्य हुँदैन । यो एउटा अक्षम अपराध हो । राजस्व छली वा चुहावट गर्ने जो कोहीलाई पनि कडा कानुनी कारवारही गर्न सक्नुपर्छ । सरकारी तहबाट यस्ता अपराधीको संरक्षण नहुने हो भने धेरै हदसम्म राजस्व ठगीमा नियन्त्रण हुन सक्छ । तसर्थ भन्सार छली गर्ने कार्यलाई सरकारी तवरबाटै निरुत्साहित गर्न जरुरी छ ।

### Opinion @ Socia Network

सत्य साबित गर्न कहाँ सजिलो छ र
धूप ले पनि सुगन्धित छु भनेर साबित गर्न उ जल्नै पर्छ !
*(सागर थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# निकास बिनाको निर्वाचनको के अर्थ ?



## राजेश विद्रोही

लोकतन्त्रलाई सामान्यत: जनताद्वारा, जनताका लागि र जनताकै शासन भनेर परिभाषित गरिन्छ। तर व्यवहारमा लोकतन्त्रको मूल्य र चरित्र निर्वाचन प्रणालीले निर्धारण गर्छ । निर्वाचन केवल पाँच-पाँच वर्षमा प्रतिनिधि छान्ने औपचारिक प्रक्रिया मात्र होइन, यो राज्य र नागरिकबीचको निरन्तर ‘सामाजिक सम्झौता’ हो । जब यो सम्झौताले जनभावना, असन्तुष्टि र सहभागितालाई समेट्न असफल हुन्छ, तब लोकतन्त्र कमजोर बन्छ र शासन व्यवस्थाले देशलाई नयाँ दिशातर्फ लैजान सक्दैन। परिणामस्वरूप मुलुक यथास्थितिकै दुष्चक्रमा घुमिरहन्छ । त्यसैले हरेक निर्वाचनले जनतालाई ‘डेलिभरी’ दिन सक्नुपर्छ। त्यो डेलिभरी दीर्घकालीन, परिवर्तनशील र जनजीवनमा प्रत्यक्ष अनुभूत हुने खालको हुनुपर्छ । अन्यथा मुलुक अस्थिरताको सिकार बनिरहन्छह आन्दोलन, असन्तोष र विद्रोहहरू जन्मिरहन्छन् । पछिल्लो जेनजी आन्दोलन यही अवस्थाको प्रतिफल हो। यदि यस्ता आन्दोलनलाई सही तरिकाले व्यवस्थापन गर्न सकिएन भने लोकतान्त्रिक व्यवस्थाले छोटो-छोटो अन्तरालमै थप विद्रोहहरूको सामना गर्नुपर्ने हुन्छ । किनभने लोकतन्त्रलाई जीवित, सशक्त र दीर्घकालीन बनाउने काम अन्तत: जनआन्दोलनहरूले नै गर्छन्। जनखबरदारी कमजोर भयो भने शासकहरू निरंकुश, एकाधिकारवादी र स्वेच्छाचारी बन्छन् । आज देशमा निर्वाचित सरकारको कार्यकाल नसकिँदै जेन-जी आन्दोलनको दबाबमा अन्तरिम सरकार गठन भएको छ। अहिले अन्तरिम सरकारकै बलमा देश चलिरहेको छ । यो नेपालका लागि पहिलो घटना होइनह इतिहास साक्षी छ- अन्तरिम, सर्वदलीय र सम्झौताका सरकारहरू पटक-पटक बने। तर शासक वर्गमा आवश्यक आत्मसमीक्षा अझै देखिँदैन। उनीहरू अझै पनि अहङ्कार र घमण्डमै छन् । यही अस्थिर र तरल राजनीतिक जगमा फागुन २१ गते संसदीय निर्वाचनको घोषणा भएको छ । तर यो चुनाव समयमै हुन्छ कि हुँदैन भन्ने विषय जनचासोको केन्द्रमा छैन। नेता र सामाजिक सञ्जालमा चुनाव सुरु भइसकेको देखिए पनि आम जनतामा यसको उत्साहजनक अनुभूति नै छैन । यस्तो अवस्थामा पुरानै संरचना र मानसिकतामा आधारित निर्वाचनबाट फेरि पनि उही प्रकृतिको सरकार बन्ने हो भने त्यसको आयु र प्रभाव दुवै कमजोर हुनेछ। त्यसैले वर्तमान सरकार र त्यसपछि बन्ने सरकारले जनआन्दोलन र जनआकाङ्क्षालाई बिनासर्त सम्बोधन गर्नैपर्छ । आजको नेपाली सन्दर्भमा उठेका गम्भीर सवालहरू- नो भोट, राइट टु रिकल, अन्तरजिल्ला तथा विदेशमा रहेका नागरिकका लागि डिजिटल वा वैकल्पिक मतदान- केवल प्राविधिक विषय होइनन् । यी गहिरो संवैधानिक र संरचनात्मक लोकतान्त्रिक सङ्कटका सङ्केत हुन् । यस्ता सवाललाई बेवास्ता गरेर गरिने परम्परागत निर्वाचनले देशलाई नयाँ निकास दिन सक्छ कि सक्दैन भन्ने प्रश्न अत्यन्त गम्भीर बनेको छ ।

> *नेपाली सन्दर्भमा उठेका गम्भीर सवालहरू- नो भोट, राइट टु रिकल, अन्तरजिल्ला तथा विदेशमा रहेका नागरिकका लागि डिजिटल वा वैकल्पिक मतदान- केवल प्राविधिक विषय होइनन् । यी गहिरो सवैधानिक र संरचनात्मक लोकतान्त्रिक सङ्कटका सङ्केत हुन् । यस्ता सवाललाई बेवास्ता गरेर गरिने परम्परागत निर्वाचनले देशलाई नयाँ निकास दिन सक्छ कि सक्दैन भन्ने प्रश्न अत्यन्त गम्भीर बनेको छ । दोस्रो, राज्य पुनर्संरचना र समावेशिताको प्रश्न झनै पेचिलो छ। देशको विविधताअनुसार सबैले अपनत्व महसुस गर्ने सैाय संरचना, जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण, आत्मनिर्णय र स्वशासनसहितको सैीयता, लक्षित वर्गलाई केन्द्रमा राखेको समानुपातिक समावेशी प्रणाली, सुशासन र स्थिर सरकार- यी सबै विषय आज पनि अपूरै छन्। यिनै अपूर्णताले पटक-पटक विद्रोह र आन्दोलन जन्माइरहेका छन् ।*

दोस्रो, राज्य पुनर्संरचना र समावेशिताको प्रश्न झनै पेचिलो छ। देशको विविधताअनुसार सबैले अपनत्व महसुस गर्ने सैाय संरचना, जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण, आत्मनिर्णय र स्वशासनसहितको सैीयता, लक्षित वर्गलाई केन्द्रमा राखेको समानुपातिक समावेशी प्रणाली, सुशासन र स्थिर सरकार- यी सबै विषय आज पनि अपूरै छन्। यिनै अपूर्णताले पटक-पटक विद्रोह र आन्दोलन जन्माइरहेका छन् । नेपालमा संविधानत: लोकतान्त्रिक व्यवस्था छ, निर्वाचन नियमित हुन्छन्, सरकारहरू परिवर्तन भइरहन्छन्। तर यो सतही नियमितताभित्र गहिरो असन्तोष, निराशा र अविश्वास बढ्दो छ। मतदान प्रतिशत घट्दो छ, युवापुस्तामा राजनीतिक वितृष्णा बढ्दै छ र ‘कसैलाई भोट दिन मन छैन’ भन्ने भावना व्यापक बन्दै गएको छ । यही अवस्थाले ‘नो भोट’ को आवश्यकता अझ प्रस्ट पार्छ । जब मतदाताले उपलब्ध सबै उम्मेदवारप्रति असन्तुष्टि जनाउँछ, उसलाई त्यसलाई वैधानिक रूपमा अभिव्यक्त गर्ने अधिकार हुनुपर्छ। तर नेपालमा यस्तो विकल्प नहुँदा मतदाता या त बाध्य भएर ‘कम खराब’ रोज्छ, या मतदान प्रक्रियाबाट बाहिरिन्छ, या भोट बदर गर्छ । यी तीनै अवस्था लोकतन्त्रका लागि घातक हुन् । ‘नो भोट’ को अभावले राजनीतिक दल र उम्मेदवारलाई गलत सन्देश दिन्छ । जित्नेले आफूलाई जनताको पूर्ण समर्थन प्राप्त भएको भ्रम पाल्छ, जबकि ठूलो हिस्सा मौन असन्तुष्ट हुन्छ । यदि नो भोटको व्यवस्था हुन्थ्यो भने दलहरू आत्मसमीक्षा गर्न बाध्य हुन्थे- नेतृत्व परिवर्तन, नीति सुधार र नयाँ सोचको खोजी सम्भव हुन्थ्यो । तर परम्परागत निर्वाचन प्रणालीले असन्तुष्टिलाई दबाएर राख्छ, जसले दीर्घकालमा विस्फोटको जोखिम बढाउँछ । यससँगै जोडिएको अर्को महत्त्वपूर्ण विषय हो- ‘राइट टु रिकल’। निर्वाचन जितेपछि जनप्रतिनिधि पाँच वर्षसम्म लगभग उत्तरदायित्वमुक्त हुने अवस्था छ। भ्रष्टाचार, असक्षमता वा जनविरोधी कार्यप्रति जनताले बीचमै प्रभावकारी कदम चाल्ने संवैधानिक उपाय छैन । पाँच वर्ष कुर्नुबाहेक विकल्प छैन । परिणामत: जनप्रतिनिधि जनता होइन, पार्टी, सत्ता समीकरण र स्वार्थ समूहप्रति उत्तरदायी बन्छन् । राइट टु रिकलको व्यवस्था भएको लोकतन्त्रमा प्रतिनिधि सधैँ जननियन्त्रणमा रहन्छ। ‘जनविश्वास गुमेमा पद पनि गुम्न सक्छ’ भन्ने डरले शासन जिम्मेवार बन्छ । अर्को गम्भीर कमजोरी नागरिक सहभागिताको सङ्कुचन हो । आन्तरिक बसाइँसराइ, वैदेशिक रोजगारी र अध्ययनका कारण लाखौँ नेपाली मतदानबाट वञ्चित छन्। संविधानले समान नागरिक माने पनि निर्वाचन प्रणालीले उनीहरूको सहभागिता सुनिश्चित गर्न सकेको छैन । मतदानका लागि आफ्नै जिल्ला र बुथमा फर्किनुपर्ने बाध्यता धेरैका लागि असम्भव छ । आजको प्रविधिमैत्री युगमा डिजिटल, हुलाक वा दूतावासमार्फत मतदान सम्भव छ । धेरै देशले यो अभ्यास सफलतापूर्वक अपनाइसकेका छन् । नेपालमा यसको अभाव प्राविधिक होइन, राजनीतिक इच्छाशक्तिको कमी हो। जब ठूलो जनसङ्ख्याको मताधिकार व्यवहारमै कुण्ठित हुन्छ, निर्वाचनको वैधता कमजोर हुन्छ । त्यसैले प्रश्न उठ्छ- यस्तो परम्परागत निर्वाचन प्रणालीले देशलाई नयाँ निकास दिन सक्छ? निकासबिनाको निर्वाचनको के अर्थ रहन्छ? नयाँ निकास भनेको केवल सरकार परिवर्तन होइन। यो शासन संस्कृतिको रूपान्तरण हो- सुशासन, पारदर्शिता, राजनीतिक स्थिरता, समावेशी विकास, नवप्रवर्तनशील नीति र जनविश्वासको पुन:स्थापना। तर जब निर्वाचन प्रणालीले उही दल, उही नेतृत्व र उही शक्ति संरचना पुनरुत्पादन गर्छ, तब नयाँ समाधानको सम्भावना न्यून हुन्छ । लोकतन्त्र स्थिर व्यवस्था होइन, यो निरन्तर सुधारको प्रक्रिया हो। सुधारको स्पष्ट दिशा र राजनीतिक प्रतिबद्धताबिना ‘समय आफैँले समस्या समाधान गर्छ’ भन्ने विश्वास भ्रम मात्र हो । प्रविधिलाई सुरक्षित बनाउन सकिन्छ, कानुनी जटिलता संविधान संशोधनमार्फत समाधान गर्न सकिन्छ। तर राजनीतिक इच्छाशक्तिबिना कुनै पनि सुधार सम्भव हुँदैन । यसर्थ, नो भोट, राइट टु रिकल, डिजिटल तथा वैकल्पिक मतदानको व्यवस्था लगायतका विषय नसमेटिएको परम्परागत निर्वाचन प्रणालीले देशलाई नयाँ निकास दिन सक्दैन। यसले केवल पुराना असफल अभ्यासलाई वैधानिकता दिन्छ र जनअसन्तोषलाई दबाएर राख्छ । वास्तविक निकासका लागि निर्वाचन प्रणाली जनकेन्द्रित हुनैपर्छ, जहाँ असहमतिको सम्मान हुन्छ, प्रतिनिधि निरन्तर जननियन्त्रणमा रहन्छन् र हरेक नागरिकको सहभागिता सुनिश्चित हुन्छ। त्यसैले प्रश्न निर्वाचन हुन्छ कि हुँदैन भन्ने होइनह प्रश्न हो- निकासबिनाको निर्वाचनको के अर्थ ? आज सुधार नगरे भोलि लोकतन्त्र स्वयं सङ्कटमा पर्न सक्छ। यही चेतना आजको सबैभन्दा ठूलो आवश्यकता हो ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अनावश्यक खर्च हुन सक्छ। हतार मा निर्णय गर्दा पछि असजिलो हुन सक्छ। | **तुला** : गोप्य कुरा वा संवेदनशील विषय अगाडि आउन सक्छ सचेत रहनुहोस्। |
| **वृष** : मनोबल उच्च रहनेछ। काम, सोच र व्यवहारमा नयाँ सुरुवात हुन्छ। | **वृश्चिक** : सकारात्मक सोचको साथमा नयाँ कार्य प्रारम्भ हुनेछ। |
| **मिथुन** : केही समय आफुलाई प्रदान गर्नु राम्रो। प्रेम सम्बन्ध सुमधुर रहनेछ। | **धनु** : दैनिक कामको चाप महसुस हुन सक्छ। स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्। |
| **कर्कट** : सहकार्यबाट फाइदा हुने संकेत छ।कामले राम्रो नतिजा दिन सक्छ। | **मकर** : सिर्जनशीलता र रुचिका विषय अघि बढ्नेछन् । कामबाट आराम मिल्नेछ। |
| **सिंह** : जिम्मेवारी मुख्य विषय बन्न सक्छ। मेहनत अनुसार मूल्यांकन हुने सम्भावना छ। | **कुम्भ** : घर परिवारसँग सम्बन्धित कुराले खटपट पर्न सक्छ। नम्र भएर रहनुहोला। |
| **कन्या** : कुनै पनि कार्य गर्दा सोच फराकिलो रहनेछ। नयाँ कुरा सिक्ने अवसर आउन सक्छ। | **मीन** : इन्टरनेटको माध्यमबाट टाढा बसेका आत्मीयजनसंग भलाकुसारी हुनेछ। |




नाटक ● कमल रिजाल

# नैतिक शिक्षा




*स्थान:- सामुदायिक विद्यालयको कक्षा कोठा*
*समय:- अपराह्न तीन बजे*
*पात्रहरू*
*शिक्षिका:- नैतिक शिक्षा पढाउने शिक्षिका वर्ष ४०*
*अनामिका:- कक्षा सातका छात्रा वर्ष १३*
*विपीन:- कक्षा सातका छात्र वर्ष १३*
*अपर्णा:- कक्षा सातका छात्रा वर्ष १३*
*अशोक:- कक्षा सातका छात्र वर्ष १३*

मञ्चमा विद्यार्थीहरू गोलबद्ध भएर बसेका छन् । नेपथ्यमा प्राकृतिक सौन्दर्यका दृष्यहरू झल्याक झुलुक देखिन्छन् । दर्शक दीर्घामा विद्यालयका विद्यार्थी, शिक्षक तथा अविभावकहरू टनाटन छन् ।

शिक्षिका:- (विद्यार्थीहरूतर्फ फर्कँदै) बाबु नानी हो ! आज अतिरिक्त क्रियाकलापको कक्षा होइन ?

विद्यार्थीहरू:- (सामुहिक स्वरमा) हो गुरु आमा !

शिक्षिका:- कुन विषय पढ्ने विचार छ भन त ?

विद्यार्थीहरू:- (सामुहिक स्वरमा) पढ्न भन्दा पनि कुनै नाटक खेल्ने हो कि जस्तो लागेको छ गुरु आमा !

शिक्षिका:- कुन नाटक गर्ने विचार गरेका छौ त ?

अनामिका:- अस्ति तपाईँले पढाउनुभएको नैतिक शिक्षा निकै मन परेको थियो । त्यसै विषयमा नाटक प्रस्तुत गर्न पाए हुन्थ्यो कि गुरु आमा !

शिक्षिका:- साथीहरूलाई पनि सोधेका छौ ? के छ उनीहरूको विचार ?

विद्यार्थीहरू:- (सामुहिक स्वरमा) ठीक भनेकी छिन् अनामिकाले, हामीलाई पनि त्यस्तै लागेको छ ।

शिक्षिका:- राम्रो कुरा गर्‍यौ । नैतिक शिक्षा भनेको जीवनमा नभई नहुने कुरा हो । नैतिक अनुशासन विना जीवन चल्नै सक्दैन । प्रकृतिको यावत कुरा अनुशासनमा आबद्ध छन् । उनीहरूले एकैछिन मात्र अनुशासन छाडिदिए भने चौपट हुन्छ ।

अनामिका:- त्यो त बुझ्यौँ तर कुनै उदाहरणबाट बुझ्न पाए थप प्रष्ट हुने थियौँ ।

शिक्षिका:- यसमा कसैलाई कुनै चीज दिनुसित तुलना गर्न सकिन्छ । जस्तै तिमीहरूले कसैलाई कुनै चीज दियौ भने त्यसको ब्याजसमेत थपिएर फिर्ता हुने गर्छ । यसबाट सबैले सकेको उपकार गर्नुपर्छ भन्ने शिक्षा पाइन्छ ।

*शिक्षिका:- होइन । असल असल विचार भएका मानिसले त्यस्ता चीज वा कुरालाई सजिलै पचाउन सक्ने भएकाले उसलाई खासै असर पर्दैन । सके त उसले हाँसेर टारिदिन सक्छ । नभए पनि सम्झाउन थाल्छ ।*
*विपीन:- अनि असल चीज वा कुरा दिइएको छ भने के हुन्छ नि गुरु आमा !*
*शिक्षिका:- जसलाई राम्रो भन्छौ, जसको राम्रो गरेका छौ भन्ने गर्छौं ऊ खराब नै रहेछ भने पनि उसले तिमी प्रति कुभाव राख्न सक्दैन ।*
*अशोक :- अरूलाई नराम्रो सोच्दा चाहिँ के हुन्छ नि गुरु आमा !*

विपीन:- यसको कुनै उदाहरण पनि छ कि ?

शिक्षिका:- छ नि किन छैन ? एउटा होइन सयौँ उदाहरण पाउन सकिन्छ ।

अशोक:- जस्तै ?

शिक्षिका:- कसैलाई केही दिएर हेर्‍यौ भने आफैँ प्रष्ट हुन्छौ ।

अपर्णा:- कारण के हो नि गुरु आमा !

शिक्षिका:- यही कि जसको मन कुविचारले भरिएको हुन्छ उसको मन कमजोर हुन्छ, जसले गर्दा उसले कसैले दिएको नराम्रो चीज वा कुरा पचाउन सक्दैन र तत्कालै दिने मानिसलाई नै फिर्ता गरिदिन्छ ।

अनामिका:- यस्तो नियम त सुविचार हुनेमा पनि लागू हुन्छ होइन र ?

शिक्षिका:- होइन । असल असल विचार भएका मानिसले त्यस्ता चीज वा कुरालाई सजिलै पचाउन सक्ने भएकाले उसलाई खासै असर पर्दैन । सके त उसले हाँसेर टारिदिन सक्छ । नभए पनि सम्झाउन थाल्छ ।

विपीन:- अनि असल चीज वा कुरा दिइएको छ भने के हुन्छ नि गुरु आमा !

शिक्षिका:- जसलाई राम्रो भन्छौ, जसको राम्रो गरेका छौ भन्ने गर्छौं ऊ खराब नै रहेछ भने पनि उसले तिमी प्रति कुभाव राख्न सक्दैन ।

अशोक :- अरूलाई नराम्रो सोच्दा चाहिँ के हुन्छ नि गुरु आमा !

शिक्षिका:- तिमीले जति अरूको नराम्रो सोच्ने गर्छौं त्यति नै त्यो तिमीसितै फर्कने गर्छ । किनकि त्यस्तो चीज उसले लिँदैन । जब उसले लिँदैन भने तिमीले दिएको चीज तिमीलाई नै फिर्ता हुने नै भयो ।

अपर्णा:- मित्रता बढाउन के गर्नुपर्छ नि गुरु आमा !

शिक्षिका:- यदि तिमीले कसैको नराम्रो सोचेनौ, नराम्रो गरेनौ भने तिमी प्रति शत्रुता राख्ने मानिस नै हुँदैनन् । भए पनि निकै कम हुन्छन् । कतिपय अवस्थामा तिमी आफैँभित्रको दोष पनि अरूमाथि थोपरिरहेका हुन सक्छौ । यदि यसको सट्टा असल कुरा दिन थाल्यौ भने उसभित्रको शत्रुता भाव मेटिन सक्छ र तिमीलाई पनि उसले असल सोच्ने गर्छ ।

विपीन:- प्रेम बढाउने कुनै सूत्र पनि छ कि गुरु आमा !

शिक्षिका:- छ नि किन नहुने ? यदि तिमीले कसैलाई प्रेम गर्‍यौ भने उसले अरूमाथि पनि त्यस्तै गर्छ र समाजको खराबी मेटिँदै जान्छ ।

अनामिका:- खराबी कसरी बढ्छ नि गुरु आमा !

शिक्षिका:- यदि तिमीले कुभावनाको बदला कुभावना नै दिन थाल्यौ भने उसभित्रको खरावी आगो जस्तै फैलिन थाल्छ र उसले पूरा समाजलाई नै जलाइदिन सक्छ ।

अपर्णा:- एउटाको खराबी हट्दैमा अरू कसरी सुरक्षित हुन्छन् त गुरु आमा !

शिक्षिका:- यदि तिमीले प्रेम दियौ भने उसभित्रको खराबीको आगोमा यति बढी प्रेमको पानी वर्षिन थाल्छ कि तत्कालै त्यसलाई निभाउन सफल हुन्छ ।

अनामिका:- यसबाट आफूलाई केकस्तो फाइदा हुन्छ नि गुरु आमा !

शिक्षिका:- तिमीभित्र छिपेको प्रेमको नदी यसरी छताछुल्ल हुन्छ कि तिमीलाई सबैको तर्फबाट निर्भय प्राप्त हुन्छ र तिमी सुखी हुन सक्छौ बुझ्यौ ?

विद्यार्थीहरू:- (संयुक्त स्वरमा) बुझ्यौँ गुरु आमा !

यत्तिकैमा समय सकिएको घन्टी लाग्छ । सबै आ-आफ्नो घरतिर लाग्छन् ।

***-रातोपाटी डटकम***

कथा ● गुमानसिंह राई

# पुरेत बाजे

*बाजेले पाठ पढिसकेछन् । सबै पालैपालो तिलक-पाती लाउन थाले । घरका र आफन्तहरूले सकेपछि गाउँका आउनेहरू पनि लाउन थाले । हूलमुलमा रमेशलाई पनि तिलक-पाती लगाइदिए बाजेले । त्यो सबैले देखे । हल्ला भयो । खासखुस कुरा हुन थाल्यो ।*

*बाजे बुढै भएपनि कराँतिलो थिए । उहिलेको पानी खाएर होला । निकै बेरपछि रमेश बाँसुरी बजाउन छोडेर उठ्यो । तलतिर बस्तुहरू मनग्गे घाँस खाँदै थिए । बाजेले झारेको । रमेशले यत्ता उत्ता हेर्‍यो बाजेलाई देखेन । कतै गयो कि भनी सम्झेर रमेश एकछिन त्यसै बस्यो । "होइन कतै जान परे भनेर जाने," रमेश करायो, "बाजे, ए... बाजे ।" अहँ कतैबाट उत्तर आएन । ऊ हतारहतार झ्याल फाँडेतिर लाग्यो । एउटा डाला आधा काट्दा काट्दै छोडेको थियो । उसले अलिक तलतिर आँखा लगायो एउटा गोहो सोहोरिएर उँधै छिरेको थियो । छिर्न नसकिने अलिक छाँगो परेको थियो । ऊ अलिक अत्तालियो अनि केही हत्तारिएर परबाट घुमेर त्यो सोहोरिएको सिधा मुनि पुग्यो । बाजे हल न चल लडिरहेका थिए ।*

चैतको खडेरीले सबै सुकेको थियो । कता कतै खोल्सा खाल्सी चिसेनीतिर मात्र अलिलि हरियो झ्यालहरू थिए । भएभरको पातहरू झरेर रूखहरू नाङ्गै थिए । पहिले जस्तो रूखहरू पनि थिएनन् । मान्छेले खाएर निखायो । खोल्साहरू पानी सुकेर उराठ लाग्दो भएको थियो । पानी खलल बगेको सुन्न पाइँदैन, देख्न पाइँदैन । कस्तो समय आयो । अझै के हुने होला । रमेश वनचरनमा छोडी अघि गएर गौंडामा बस्यो । ऊ एउटा रूखको फेदमा बसेर बाँसुरी फुक्न मस्त भयो । खाती बाजेको नाती रमेश एउटै मात्र हो । टुहुरो, खाती बाजेले नै हुर्काएर जवान पारेको । ऊ बाँसुरी राम्रो बजाउँछ । रमेश सत्र/अठार हिउँदहरू उक्लेको हुनुपर्छ । बासुरी बजाएर कहिलेकाहीँ ऊ आफै हाँस्थ्यो । चराहरूको जोडी देखे ऊ एकसुर भएर हेर्थ्यो । नेहुल र ढुकुरको जोडी हेर्न पाए समय बितेको पत्तो गर्दैनथ्यो । कुन्नि के मन हुँदा फूलहरू टिपेर तिखो उठेको ढुङ्गामा चडाउने गर्थ्यो देवता मानेर । हरिभक्त पोखेल गाउँभरिका पुरोहित थिए । जजमान सबैले 'पुरेत बाजे' भन्थे । रमेशको गोठाला गर्ने साथी ! पुरेत बाजे र रमेश हिउँद बर्खा भनौँ बाह्रैमास सँगै बस्तु टहल गर्थे । जातको तलमाथि परेपनि मनका सफा थिए दुवै । बाजे रमेशको बाँसुरी धुन सुन्दै डिलमाथिको झ्याल छाँसेर बस्तुलाई दिँदै थिए ।

बाजे बुढै भएपनि कराँतिलो थिए । उहिलेको पानी खाएर होला । निकै बेरपछि रमेश बाँसुरी बजाउन छोडेर उठ्यो । तलतिर बस्तुहरू मनग्गे घाँस खाँदै थिए । बाजेले झारेको । रमेशले यत्ता उत्ता हेर्‍यो बाजेलाई देखेन । कतै गयो कि भनी सम्झेर रमेश एकछिन त्यसै बस्यो । "होइन कतै जान परे भनेर जाने," रमेश करायो, "बाजे, ए... बाजे ।" अहँ कतैबाट उत्तर आएन । ऊ हतारहतार झ्याल फाँडेतिर लाग्यो । एउटा डाला आधा काट्दा काट्दै छोडेको थियो । उसले अलिक तलतिर आँखा लगायो एउटा गोहो सोहोरिएर उँधै छिरेको थियो । छिर्न नसकिने अलिक छाँगो परेको थियो । ऊ अलिक अत्तालियो अनि केही हत्तारिएर परबाट घुमेर त्यो सोहोरिएको सिधा मुनि पुग्यो । बाजे हल न चल लडिरहेका थिए । रमेशले अत्तालिएर बाजेलाई अङ्गाल्यो । "बाजे ! बाजे !"- भन्दै बोलायो । बाजे बोलेनन् । कानैमा सुइ..या पार्‍यो । बाजेले अलिकति आँखा खोले । रमेशले हत्तपत्त उठाएर समथर परेको ठाउँमा पुर्‍यायो । "के भयो ? बाजे ! कहाँ दुख्यो ?" भन्दै उसले चोटहरू हेर्न थाल्यो घुँडा, टाउको र आतिर चोट परेछ । गहिरो चोट त परेन छ, तर कम्मर भने थेचारिएर खँदारिएछ । "आयाया...!" गर्दै बाजेले रमेशलाई हेरे । "पानी !" भनेर बाजेले इशारा गरे । "एकै छिन है," भनेर रमेश पानी लिन खोल्सातिर हानियो । उसले एउटा चोङ्गेमा पानी ल्यायो । खानुदियो । मुख धोइदियो । टाउको भिजाइदियो । चोटतिर झारपात दबाई माँडेर घसिदियो । खुन थामियो । बाजेको पूरै होश आयो । "रमेश ! मलाई घरमा पुराइदे ! आ...या...या ।" रमेशले एउटा दह्रो लट्ठी काटेर बाजेको हातमा थमाइदियो । उठ्न सघायो । बाजे उठ्न त उठे तर घुँडा दुखेर टेक्नै भएन । रमेश बलियो थियो । बाजेलाई आङमा बोकेर खुरुरु कुदायो । "रुघा मार्गी नलागोस्, रोग कष्ट नहोस् ।" भन्दै पोहोर संसारी पूजा गर्ने धामी खड्का काइँला पूजा गरेको राती उछालपछाललले लगेको थियो । कति छिटो वर्षदिन बितेछ । आज उसको वर्षदिन पछिको पूजा शुभ कार्य भइरहेछ । हरिभक्त बाजे पाठ गर्दैथिए । उसको टाउको र घुँडाको घाउ त पुरियो तर खँदारिएको कम्मर भने उत्तिकै थियो । लौरोको भरमा हिँड्नु पर्‍थ्यो । कम्मरै कोल्टे पारेर । आउने आफन्तहरूको निकै भीडभाड थियो । बुढा-बुढी र केटाकेटी सराबरी थिए । तरुनी तन्देरीहरू धन्दा गर्न व्यस्त थिए । हेराहेर र हाँसाहाँस गर्दै काम गर्नेहरूका तँछाड र मँछाड थिए । हलुइ पकाउने, रोटी पोल्ने, खीर पकाउने, चिया बनाउने, सब्जी, दाल, भात पकाउनेको भीड । बाजेले पढिसकेछन् । सबै पालैपालो तीलक-पाती लाउन थाले । घरका र आफन्तहरूले सकेपछि गाउँका आउनेहरू पनि लाउन थाले । हूलमुलमा रमेशलाई पनि तिलक-पाती लगाइदिए बाजेले । त्यो सबैले देखे । हल्ला भयो । खासखुस कुरा हुन थाल्यो । पूजा सबै बिटुलो भयो । खाना कसैले नखाने भए । रडाको मच्चियो । रमेश कता लाग्यो पत्तो भएन । बाजे पनि स्थिति बुझेर बाटो तताएछन् । साँझसम्म नै झ्याउला त्यतिकै थियो । गाउँमा सभा डाकिने भयो । सभापतिको घरमा पञ्च डाकियो । आँगनमा ग्राम्य भेला भएको थियो । सभापति (नामै सभापति) र गाउँका बुजुगहरू चौकीमा बसेका थिए । रमेश र खाती बुढो आँगनको एक कुनामा नजर झारेर बसेका थिए । अब के हुने हो भन्ने त्रासले खाती बुढोको मुटु निचोरेको थियो । पुरेत बाजे पनि अघि नै आएर एउटा टुलमा बसेको थियो । सभामा छलफल शुरू भयो । धेरै तर्क बितर्क चल्यो । पालै पालो बोले । लामो छलफल पछि अन्त्यमा सभापति बडाले निर्णय सुनाए । पूजामा छुत भएको खाना, भान्सा सबै कसैले नखाएर खेर गयो । घरको खर्च मात्र भयो । जुन खर्च भयो त्यो सबै खाती बुढोले बेहोर्नु पर्ने भयो । अनि पानीमाथिका बिष्ट, छेत्री-बाहुन समाजलाई पुरेत बाजेले खर्च गरेर प्रायश्चित गराउनुपर्ने भयो । नत्र अरू आफै चल्न परे पुरेत बाजे काडिने भए । निर्णय सुनाएपछि प्रतिक्रिया जान्नलाई सभापतिले खाती बुढोलाई उठाएर सोधे । "यो निर्णय बारे तिम्रो भन्नु के छ ?" खाती बुढो जुरुक्क उठेर हात जोड्दै-"छैन हजुर । ठूला-बडा, बिष्ट वेदका धनीहरूले बोलेको बोली नै कानून हुन्छ भने म जाबोको हुँ र यो निर्णय नमान्ने । शिरोधार्य छ हजुरको निर्णय ।" यति भनेर थपक्क भुइँमा बसे । "ल त ठीकै छ तिम्रो कुरा" - भनेर सभापति फेरि पुरेत हरिभक्त पोखरेलपट्टि फर्किए । "अँ, पुरेत बाजेको नि केही छ भन्नु यो पञ्चको निर्णयमाथि ?" भनेर खुबै सङ्गले जुङ्गा मुसार्दै प्रश्न गरे । उपस्थित सबै पुरेत बाजेको अनुहार ताक्न थाले । पुरेत बाजे जुरुक्क उठेर सबैलाई नजर घुमाएर हेरेपछि सभापतिपट्टि फर्किएर खुबै गम्भीर मुद्रामा बोले- "यो निर्णय मलाई मान्य छैन ।" यो कुरा सुनेर मान्छेहरूमा खासक-खुसुक हुन थाल्यो । बाजे फेरि बोले- "यो केटो जातको खाती सानो जात भएर के भो मनको ठूलो छ । जतिबेला म मर्न लागेको थिएँ यसले पानी खुवाएर मेरो प्राण बचायो । त्यति मात्र होइन यसले आफ्नो आङमा बोकेर घरसम्म पुराएर मानवताको कर्तव्य पूरा गरेको छ । मानिसमा जातको उच् र निचले केही हुँदैन । मानवताको भावना हुनुपर्छ। जो हुन पर्ने, यो केटोमा छ ।" भन्दै रमेशलाई देखाए । "त्यसैकारण, त्यो दिन मैले जानी बुझी नै यसलाई तिलक-पाती लगाइदिएको हुँ । यस्ताहरू भनेका हाम्रा समाजका सम्पत्ति हुन् । पढे, लेखे भएर, जातको ठूलो भएर मात्र कोही ठूलो बन्न सक्दैन । मानिस-मानिसमा विश्वास र सद्भावना छैन भने संसार उजाड हुन्छ । यति उच्चतामा उठेको यो रमेश नानीको व्यवहारलाई जातपातको निहुँमा तल झार्न म चाहन्न । यसकारण, आजको दुईवटै मलाई मान्य छैन । मेरो समाजले मलाई पानी काड्छ भने त्यो मलाई स्वीकार छ । तर, मानवताको खुड्किलो उक्लिएर फेरि जातको तल्लो स्तरमा झर्नु चाहन्न ।" पञ्चहरू ट्वाल्ल परे । साँझ खसेर अँध्यारो बड्दै थियो । भेला भएका सबै एका एक गर्दै बाटो लाग्न थाले । सभापति चौकी छोडेर अघि नै भित्र पसेछन् । अँध्यारो झन चुक घोप्टिए जस्तो भयो । वरपर देखिन छोड्यो । निकैमाथि पुरेत बाजे हरिभक्त पोखरेल, रमेश र खाती बूढो एउटा उज्यालो राँको बालेर जाँदै थिए ।

***-साहित्यपोस्ट डटकम***

# आज नर्सिङ दिवस मनाइँदै




**पाल्पा,** माघ १४/आज ६४ औं नेपाल नर्सिङ दिवस विभिन्न कार्यक्रम गरी स्वास्थ्यसँग सम्बन्धित संघसंगठनले मनाउँदै छन् । वि.सं २०१८ साल माघ १५ मा नेपाल नर्सिङ संघको स्थापना दिनलाई दिवसका रूपमा मनाउन थालिएको हो ।

नर्सिङको इतिहास नेपालमा खासै पुरानो भने छैन तर अहिलेको परिपक्ष्यमा नर्सहरूको महत्व अनि विकास धेरै भइरहेको छ । नर्स विनाको अस्पतालको परिकल्पना हामी गर्न सक्दैनौ । सन् १९४७ मा वीर अस्पतालको स्थापनापछि स्वास्थ्य सहायकका रूपमा केही कम्पाउण्डर र भारतमा तालिम लिएका केही औलामा गन्न सक्ने ब्यत्तिहरु मात्रै थिए, वीर अस्पतालको इतिहास पल्टाउँदा उति वेला ड्रेसिङ लगायत अन्य उपचारहरू कम्पाउन्डर या डाक्टर स्वंमले गर्ने गर्दथे । नर्सिङको नेपाली इतिहास विसं २०१३ बाट सुरु भएको देखिन्छ । दिवसका अवसरमा नेपाल नर्सिङ संघले पेशागत हक, अधिकार तथा सुरक्षाको ग्यारेन्टीका लागि विभिन्न कार्यक्रम गर्दैछ । शारीरिक तथा मानसिक रुपमा खटिएर बिरामीको सेवा गर्ने नर्स तथा नर्सिङ पेशालाई सम्मानित पेशाका रुपमा लिने गरिएको छ । तर नेपालमा नर्सि पेशा व्यावसायिक बन्न सकिरहेको छैन । साथै नर्सहरु न्युन बेतन तलबमा काम गरिरहेका छन् । नेपालमा वर्षेनी हजारौंको संख्यामा नर्सहरु उत्पादन हुँदा यसको व्यवस्थापन हुन सकेको छैन । उत्पादन भएका नर्सहरुको व्यवस्थापन हुन नसक्दा नर्सहरु भोलेन्टियर (स्वयंसेवी) का रुपमा काम गर्न बाध्य छन् ।

जसले गर्दा उनीहरुको पेशागत सुरक्षा अझै प्रत्याभूत हुन सकेको छैन । अहिलेको विषम परिस्थितिमा आम नागरिकलाई स्वाथ्य सेवा प्रवाह गर्न अग्रपङ्तिमा खटिने नर्सिङ क्षेत्रको आवश्यकता र महत्व बढेर गएको छ ।

# भीमा एकादशी व्रत मनाइँदै




**पाल्पा,** माघ १४/माघ शुक्ल एकादशी अर्थात् भीमा एकादशी पर्व आज भगवान् विष्णुको पूजा आराधना एवं व्रत गरी मनाइँदैछ । भीमा अथवा जयासमेत भनिने आजको एकादशी व्रत लिनाले कार्यक्षमतामा अभिवृद्धि, मानसिक सामर्थ्य र शक्ति वृद्धि, आयुवृद्धि र आत्मिक उन्नतिमा शीघ्रता हुने विश्वास छ । एकादशीको लागि दशमीको दिन हात, गोडाको नङ सफा गरेर स्नान गरी हविस्य भोजन खाएर एकादशीको दिन ब्रह्म मुहूर्तमा उठेर ‘जया नाम्नीती विख्याता सर्व पापहरा परा’ जसले जया एकादशीको पवित्र नाम जप्दछ भने उसका श्राप हटेर जाने गर्दछ ।

माघ शुक्ल पक्षाको एकादशीलाई जया अथवा भीमा एकादशी भन्दछन् । यो एकादशी अति नै पुण्यदायी छ, यस एकादशीको व्रत गर्नाले व्यक्ति नीच योनि जस्तै भूत, प्रेत, पिशाचको योनिबाट मुक्त हुनपुग्छ भनी विभिन्न शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको छ । आज भीमा एकादशी व्रत । महाभारत कालबाट रहन गएको भीमा एकादशीको नाम पछाडीको कारण महाभारत कालदेखि भीमता एकादशीको महत्व विलक्षण रूपमा लिएको पाइन्छ । प्रत्येक वर्ष माघ शुक्ल एकादशीका दिनलाई भीमा एकादशी भन्ने गरिन्छ । द्वादशीको दिन भने तानसेनको शितलपाटी भीमसेनको रथयात्रा हुने गर्दछ । यो सन्दर्भ महाभारत कालदेखि नै महत्वको रुपमा लिइएको पाइन्छ । यसको सम्बन्ध महाभारतका पात्र पाण्डु कुन्ती पुत्र तथा पाँच पाण्डवका माहिला सदस्य भीमसेनसँग रहेको छ । गरुड पुराण अनुसार एकपटक आफ्ना पितृहरुको ऋणबाट मुक्त हुन भीमलाई एकादशीका दिन व्रत बस्नु पर्ने भयो । उनी व्रत बस्लान भन्ने कसैलाई पनि लागेको थिएन । किनकी भीम अत्यन्त खञ्चुवा मोटा र बलबान थिए र उनी जहिले पनि खाईरहन्थे । तर भीमले यो एकदशीका दिन केही नखाई अत्यन्त त्याग र समर्पणका साथ एकादशीको व्रत लिए । त्यसैले नै यो एकादशीको नाम भीमा एकादशी रहन गएको भनिन्छ । यस दिन जो कोही व्रत बस्छन् । उनको सबै पाप नष्ट हुनुका साथै समृद्धि प्राप्त हुने तथा भोग र मोक्ष प्राप्त हुन्छ भन्ने पुराणमा उल्लेख गरिएको छ । यसदिन विशेष गरी भगवान श्री विष्णुको आराधना गरिन्छ र रातभरी जाग्राम बस्छन् । विभिन्न कालखण्डमा काठमाडौं उपत्यकाबाट विभिन्न प्रयोजनका लागि नेवारहरु तानसेनमा आएर बसोबास गरेपछि उनीहरुले यहाँ पनि आफ्ना इष्ट देवता भीमसेनको मन्दिर बनाई गुठी पूजा आदि गर्ने परम्परा बसालेको हो भनिन्छ । भीमसेनको पूजा अर्चना विशेष गरी नेवार समाजमा बढी चलेको देखिन्छ । त्यसैले देशका विभिन्न ठाउँहरुमा जहाँ जहाँ नेवारहरुको बस्ती छ त्यहाँ भीमसेन मन्दिर स्थापना गरिएको पाइन्छ । भीमसेनलाई कसैले कूलदेवता मानेका हुन् भन्ने भनाइ पनि कता कता उल्लेख भएको पाइन्छ । कतै भीमसेन अत्यन्त बलवान भएकाले आफनो सम्पति र व्यापारको सुरक्षाको लागि नेवारहरुले उनको पूजा उपासना गरेका हुन् भन्ने धारणा पनि छ । जे सुकै भए पनि भीमसेनलाई व्यापार व्यवसायको भगवानको रुपमा मानिदै आइएको छ ।

## खेलकुद समाचार

### खुम्बु ल्होसार कप फुटबल माघ अन्तिम हप्तादेखि



**काठमाडौं,** माघ १४/सोलुखुम्बुको महेन्द्र ज्योति पूर्व विद्यार्थी मञ्च, फराकको आयोजनामा १५औं खुम्बु ल्होसार कप फुटबल प्रतियोगिता माघ २४ गतेदेखि हुने भएको छ । ललितपुरको सातदोबाटोमा रहेको एन्फा कम्प्लेक्समा हुने प्रतियोगितामा आयोजकको एकसहित ८ टोलीको सहभागिता रहने आयोजक मञ्चका महासचिव पेम्बा छिरी शेर्पाले हिजो आयोजित पत्रकार सम्मेलन जानकारी दिए । सहभागी टोलीहरुमा आयोजक महेन्द्र ज्योति, नाम्चे युथ ग्रुप, खुम्जुङ युथ ग्रुप, खुन्दे कम्युनिटी क्लब, ठमिछेवा फुटबल क्लब, थामे, अमादब्लाम युथ ग्रुप, पाङ्बोचे, खुम्बु याङबु शेर्पा समाज र खुम्बु युनाइटेड रहेका छन् । सहभागी टोलीलाई दुई समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइने छ । नयाँ वर्ष ग्याल्बो ल्होसार में त लो २१५३ को अवसरमा हुन लागेको प्रतियोगिताको उपाधि जित्ने टोलीले १ लाख ५० हजार, दोश्रोले ८० हजार र तेश्रो हुनेले ४० हजार रुपौयँ नगद पुरस्कार प्राप्त गर्ने आयोजक मञ्चका उपाध्यक्ष फुरी शेर्पाले जानकारी दिए । सोलुखुम्बुको खुम्बु पासाङ ल्हामु गाउँपालिकाका विभिन्न गाउँमा जन्मिएर अहिले काठमाण्डौमा बसोवास गरिरहेका शेर्पा युवाहरुले जाडोयामको फुर्सदिलो समयलाई सदुपयोग गर्ने उद्देश्यले सन् २००९मा ल्होसारको अवसरमा फुटबल प्रतियोगिताको शुरुआत गरेका थिए ।

## आजदेखि...

...कृषि तथा पशुपंछी, प्रतियोगितात्मक कार्यक्रम, स्थानीय उत्पादन, पाल्पाली ढाका, पाल्पाली करुवा, माटाका भाँडा, काठका ठेकाठेकी जस्ता कला तथा संस्कृतिको प्रदर्शनी समेत महोत्सवमा हुने छ । महोत्सवमा विभिन्न उत्पादनका तीन सय भन्दा बढी स्टलहरु रहेका छन् । जहाँ पाँच लाख बढी दर्शकले अवलोकन गर्ने मूल आयोजक समितिका संयोजक एवं तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । कृषि उत्पादन, लघु तथा घरेलु उत्पादन प्रदर्शनी, शैक्षिक सामाग्री प्रदर्शनी, बैंक तथा वित्तिय संस्था, सूचना प्रविधि, अटो मोबाईल, स्वास्थ्य, पर्यटन तथा स्वदेशी अन्य उत्पादनका प्रदर्शनीहरुका स्टल र हने छन् । माघ २७ गतेसम्म सञ्चालन हुने महोत्सवमा आठ करोड बराबरको कारोबार हुने अनुमान गरिएको छ । महोत्वस स्थलमा प्रवेश गर्नका लागि ७५ रुपैयाँ र विद्यार्थीलाई ५० रुपैयाँ तथा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क प्रवेशको व्यवस्था मिलाइएको नगर प्रवक्ता यादवसिंह कार्कीले बताए । विगतमा पाल्पा उद्योग वाणिज्य सै र पाल्पा व्यापार सैले तानसेनमा व्यापार तथा पर्यटन महोत्सवको आयोजना गर्दै आएका थिए ।

## अर्थ/कर्पोरेट समाचार

### सुनको भाउ बढेको बढ्यै : तोलाकै तीन लाख अठार हजार आठ सय



**पाल्पा,** माघ १४/पछिल्ला केही दिन यता स्थानीय बजारमा सुनको मूल्य बढेको बढ्यै छ । डलरमा आएको गिरावटका कारण सुनको भाउ दैनिक रुपमा बढेको अनुमान गरिएको छ । बुधबार पनि सुनचाँदीको मूल्यले कीर्तिमान कायम गरेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासैका अनुसार एक तोला छापावाल सुनको मूल्य तीन लाख १८ हजार ८ सय त्यति नै चाँदीको मूल्य सात हजार ३ सय कायम भएको छ । मंगलबार एक तोला छापावाल सुनको मूल्य तीन लाख नौ हजार ३ सय कायम भएको थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन पाँच हजार २ सय र त्यति नै परिमाणको सेतो धातु १११ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।

**सुनको मुल्यमा देखिएको यस्तो वृद्धीको कारण के हो ?**

ट्रेडिङ इकोनोमिक्स डटकमले पछिल्लो एक महिनामा विश्व बजारमा अमेरिकी डलर निरन्तर कमजोर भएको र सुनको मूल्य निरन्तर उकालो लागिरहेको जनाएको छ । जसअनुसार १६ जनवरी २०२६ मा प्रतिऔंस ४ हजार ४ सय ४८ डलर रहेको सुनको मूल्य सोमबार साँझ (नेपाली समय) २६ जनवरी २०२६ मा ५ हजार ७७ डलर पुगेको छ । यसरी सुनको मूल्य निरन्तर उकालो लाग्नुको कारण डलरमा आएको गिरावट पनि हो । जसअनुसार पछिल्लो एक महिनाको तथ्यांक हेर्दा पछिल्लो दस दिनमा विश्व बजारमा डलर सूचकांक लगातार घटिरहेको छ । १९ जनवरी २०२६ मा ९९.३७ रहेको डलर सूचकांक सोमबार साँझ (नेपाली समय) २६ जनवरी २०२६ सम्म ९७ मा ओर्लेको छ । यसले पनि विश्व बजारमा डलरमा लगानीकर्ताको आकर्षण घटेको र सुनमा बढेको पुष्टि हुन्छ । विश्व बजारमै सुनको मूल्य बढेकाले घरेलु बजारमा पनि सुनको भाउ निरन्तर अकासिएको नेपाल सुन-चाँदी व्यवसायी महासंघले जनाएको छ ।


## बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्दा ध्यान दिऔं ।

- -बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहको अनुमति लिऔं।
- -अनुमति लिंदा होर्डिङ्ग बोर्ड राख्ने स्थान र आकार प्रकारबारे उल्लेख गरौं।
- -होर्डिङ्ग बोर्ड राख्न उपयुक्त भए नभएको स्थानीय तहले जाँचबुझ गरेर मात्र अनुमति प्रदान गरौं।
- -शहर तथा घना वस्तीमा होर्डिङ्ग बोर्ड राखिने भएकोले जिउ धनको क्षति हुने/नहुने प्राविधिक निरीक्षण गराऔं।
- -अनुमति दिंदा नै तोकिएको शुल्क प्राप्त गरौं।
- -बाह्य विज्ञापन गर्दा अनुमति शुल्क, नविकरण शुल्क, बहाल वा बहालकर तथा विज्ञापन कर संकलन गरौं।
- -बाह्य विज्ञापनलाई स्थानीय तहको आम्दानीको स्रोतको रुपमा विकास गरौं।
- -बाह्य विज्ञापनको लागि विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुरुप स्थानीय तहले विज्ञापन ऐन निर्माण गरौं।

स्थानीय तहको आम्दानी बृद्दि गरौं, गाउँ तथा शहर सुन्दर बनाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई